आज मिति २०७८ पौष १४ गते वुधवारका दिन यस टोखा नगरपालिकाका नगर-प्रमुख श्री प्रकाश अधिकारीज्यूको अध्यक्षतामा नगरकार्यपालिकाको ७७ औं कार्यपालिका वैठकमा देहाय वमोजिमको उपस्थित रह्यो ।

| क्र.स | पद | नाम थर | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | नगर प्रमुख | श्री प्रकाशअधिकारी | | |
| २ | उपप्रमुख | श्री ज्ञानमाया डंगोल | | |
| ३ | सदस्य सचिव / प्रमुख प्रशासकीय अधिकृत | श्री प्रकाश आचार्य | | |
| ४ | वडा अध्यक्ष | श्री श्रीकृष्ण अधिकारी | | |
| ५ | वडा अध्यक्ष | श्री दिपकराज जोशी | | |
| ६ | वडा अध्यक्ष | श्री सिंहराज श्रेष्ठ | | |
| ७ | वडा अध्यक्ष | श्री धर्मेन्द्र श्रेष्ठ | | |
| ८ | वडा अध्यक्ष | श्री जगन्नाथ ढकाल | | |
| ९ | वडा अध्यक्ष | श्री महेश्वर के.सी. | | |
| १० | वडा अध्यक्ष | श्री नरोत्तम राना | | |
| ११ | वडा अध्यक्ष | श्री केशव बहादुर खत्री | | |
| १२ | वडा अध्यक्ष | श्री जोग प्रसाद नेपाल | | |
| १३ | वडा अध्यक्ष | श्री मधुसुदन पाण्डे | | |
| १४ | वडा अध्यक्ष | श्री उत्तम अधिकारी | | |
| १५ | न.का.स | श्री पार्वती अधिकारी | पार्वती | |
| १६ | न.का.स | श्री कल्पना घिमिरे | | |
| १७ | न.का.स | श्री जगतमाया महर्जन | | |
| १८ | न.का.स | श्री उर्मिला बि.क. | | |
| १९ | न.का.स | श्री शोभा तामाङ | | |
| २० | न.का.स | श्री लिला भुजेल | | |
| २१ | न.का.स | श्री बच्चुराज बस्याल | | |
| २२ | न.का.स | श्री सन्जिव सुनुवार | | |

निर्णयहरुः-

१. नगरकार्यपालिकाको ७६ औं वैठकले गरेका निर्णयहरुको कार्यान्वयनको अवस्थाको वारेमा छलफल तथा समिक्षा गरियो।

२. चालु आ.ब २०७८/७९ को हाल सम्म भएको आय व्ययलाई अनुमोदन गर्ने निर्णय गरियो।

३. टोखा नगरपालिकाको चालु आ.ब २०७८/७९ को संलग्न अनुसूचि अनुसारको संशोधित वजेट एवं सम्वन्धित वडा कार्यालयहरु तथा विषयगत शाखाहरुवाट प्राप्त हुने संशोधित कार्यक्रम, स्वीकृत वजेटको परिधिभित्र रही नयाँ थपहुने कार्यक्रमहरुलाई स्वीकृतिको लागि दशौं नगरसभामा पेश गर्ने निर्णय गरियो।

४. चालु आ.ब २०७८/७९ को हाल सम्म भएका नगर प्रमुख,नगर उप-प्रमुख,प्रमुख प्रशासकीय अधिकृतको तोक आदेशानुसार एवं वडाका सिफारिसवाट संचालन भएका विविध खर्चहरु, विभिन्न् कोषवाट भएका खर्चहरु,योजना तथा कार्यक्रमहरुलाई अनुमोदन गर्ने निर्णय गरियो।

५. यस नगरपालिकाको विभिन्न आ.ब.मा अन्तिम लेखापरीक्षण गरी महालेखा परीक्षकको कार्यालयवाट प्राप्त अन्तिम लेखापरीक्षण प्रतिवेदन उपर औंल्याईएको नियमित गर्नु पर्ने वेरुजुहरु लेखा समितिमा छलफल भै पेश भएकोले संलग्न वमोजिम लेखापरीक्षण प्रतिवेदनमा औंल्याईएका वुंदा सम्वन्धी कार्यहरुलाई सुधार गर्दै लैजाने र तपशिल अनुसारका वेरुजुहरु नियमित गरी फछ्यौर्ट गर्न आगामी दशौं नगरसभामा पेश गर्ने निर्णय गरियो।

| आ.ब | वेरुजु दफा नं. | रकम |
|---|---|---|
| २०७४/७५ | ५४.२ | ३२८९१६ |
| | ५४.३ | १४८९३२० |
| | ५४.५ | ४२०५५२५ |
| | ५५.१ | २९६७९६६ |
| | ५६.४ | ८३९००० |
| | **जम्मा** | **९८३०७२७** |
| २०७५/७६ | ४० | ४९३१८०९ |
| | ६० | २६५०००० |
| | ६७ | ६६४७०० |
| | ९० | २५००००० |
| | जम्मा | १०७४६५०९ |
| २०७६/७७ | २०.२ | २००००० |
| | २९ | ४५०१०३८ |
| | ३३ | १४६६१४८५ |
| | ३५ | ३२७८६३८९ |
| | ३६ | ३७६०००० |
| | ३७ | १५०००००० |
| | ४१ | १९००००० |
| | ४७ | २१००००० |
| | २२.१ | १४७४६५ |
| | ४९ | १६११०० |
| | जम्मा | ७५२१७४७७ |

| | | |
|---|---|---|
| कूल जम्मा | | ९५७९४७१३ |

६. नवौं नगरसभाको सि.नं. ३३८ मा कुमेननी पहिरो नियन्त्रण तथा ग्याविन वाल निर्माण कार्यको लागि रकम रु १० लाख विनियोजन भई वडा कार्यालयको सिफारिस एवं सम्वन्धित प्राविधिको लागत अनुमान तयार भई मिति २०७८/७/११ मा कुमायनननी टोल विकास संस्थालाई कार्यादेश दिईएअनुसार पहिरो नियन्त्रण विपद् व्यवस्थापन कार्य सम्पन्न भएको हुदाँ सम्वन्धित कार्यको प्राविधिक मूल्याङ्कन अनुसारको रकम उक्त टोल विकास संस्थालाई भुक्तानी उपलव्ध गराउने निर्णय गरियो ।

७. चालु आ.ब.को ससर्त कार्यक्रम अन्तरगत राष्ट्रिय ग्रामिण तथा नविकरणिय उर्जा कार्यक्रम( नविकरणिय उर्जा प्रविधि जडान/ वायोग्याँस/विद्युतीय चुलो/सुधारिएको चुलो/सौर्य उर्जा कार्यक्रम मध्ये सौर्य उर्जा कार्यक्रम अन्तरगतको **सौर्य उर्जा प्रविधि जडान**को लागि वडा नं. ८ को माग वमोजिम रु ५ लाखको कार्यक्रम वडा नं. ८ मा संचालन गर्ने निर्णय गरियो ।

८. सुर्यडाँडा खानेपानी तथा सरसफाई उपभोक्ता समितिको माग निवेदन अनुसार वडा नं. ६ को सुर्यपार्क परिषरमा वागमती प्रदेश,खानेपानी तथा सरसफाई डिभिजन कार्यालय भक्तपुरबाट अनुमानित ३९० घरपरिवारलाई खानेपानी उत्पादन गरी बितरण गर्न योजना संचालन भएकोमा उपभोक्ता समिति दर्ता अनुमति नभई कार्यक्रम हस्तान्तरण नहुने भएकोले उक्त योजना जिम्मा तथा नियमित संचालन संरक्षणको लागी उक्त सुर्यडाँडा खानेपानी तथा सरसफाई उपभोक्ता समितिलाई नियमनुसार दर्ता प्रमाणपत्र उपलव्ध गराउने निर्णय गरियो ।

९. वडा नं. ५ को वडा समितिको मिति २०७८-९-१३ को निर्णयानुसार उक्त वडाभित्र पर्ने तपशिल वमोजिमका सडकहरुको चौडाई देहाय वमोजिम कायम गर्ने निर्णय गरियो ।

क. कल्ली मन्दिर देखि वासुकीमार्ग हुदै मैत्री कोलनी जोड्ने वाटोको नाम –कल्की मार्ग र वाटोको चौडाई ४ मीटर कायम गर्ने ।

ख. वीरेन्द्र वाटिकाको मूलगेट देखि वि.एन. मार्ग र श्रीमार्ग जोड्ने चोक सम्मको सडकको नाम- वीरेन्द्र पथ र वाटोको चौडाई ४ मीटर कायम गर्ने ।

ग. वसुन्धार वजार ग्रीनवेल्ट देखि कल्कीमन्दिर पिपलवोट निस्कने सडकको नाम- कल्की नारायण मार्ग र वाटोको चौडाई ४ मीटर कायम गर्ने ।

घ. किसान श्रेष्ठको घर देखि कल्कीमन्दिर जोड्नेवाटोको नाम र चौडाई ९.क वमोजिमनै हुने ।

ङ. वीरेन्द्रमार्ग पछि श्रीमार्ग हुदै मैत्रीकोलनी जोड्ने वाटोको चौडाई ४ मीटर कायम गर्ने ।

च. पृथ्वीमार्गको चौडाई ४ मीटर कायम गर्ने ।

छ. धापासी मूल सडक देखि ईशान अस्पताल गेट सम्म जाने सडकको नाम- ईशान मार्ग र वाटोको चौडाई ६ मीटर कायम गर्ने ।

ज. Mezzanine Floor Habitable Purpose को रुपमा उपयोग गरिने भएमा Mezzanine Floor को भुईको भवनको प्लिन्थको क्षेत्रफल वढीमा ६० प्रतिशत सम्म कायम गर्ने ।

टोखा नगरपालिका नगर कार्यपालिकाको कार्यालय, भैसेपाटी, काठमाडौं बागमती प्रदेश, २०७३